**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

# परियोजना कार्यान्वयन एकाइ

**ओखलढुङ्गा**

**(कार्यक्षेत्रः ओखलढुङ्गा र सोलुखुम्बु)**

## उच्च घनत्वमा लगाउने स्याउ तथा ओखर विरुवा आपूर्तिकर्ताहरुलाई सूचीकृत हुनेबारे सूचना

**सूचना प्रकाशित मिति : २०७८/०९/०३**

प्रस्तुत बिषयमा उच्च घनत्वको स्याउ बगैचा तथा ओखर बगैचा स्थापना कार्यक्रम सञ्चालन मापदण्ड २०७८ बमोजिम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गाको चालु आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उच्च घनत्वको स्याउ बगैचा तथा ओखर बगैचा स्थापनाका लागि ५०% अनुदानमा अधिकतम ३०५०० स्याउ विरुवा र ५००० ओखरका विरुवा सोलुखुम्बु जिल्लामा वितरण गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक आधिकारिक रुपमा दर्ता भएका फलफूल बिरुवा आपूर्तिकर्ताहरुले कार्यालयले स्वीकृत गरेको Technical Specification भएका बिरुवाहरुको जात, सरदर मूल्य र परिमाण सहितको सिलबन्दी विवरण यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजात सहित परियोजना कार्यान्वयन एकाइ, ओखलढुङ्गामा सूचीकृत गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । आपूर्तिकर्ताले बिरुवा आयात गर्दाका बखत बिरुवा आयात अनुमति पत्र स्वयंले प्राप्त गरेको हुनुपर्ने छ । साथै बिरुवाको जात, Specification र अन्य फारमहरु यस कार्यालयको Website: https://piuokhaldhunga.pmamp.gov.np बाट लिन सकिनेछ ।

**आवश्यक कागजातहरुः**

१. संस्था, स्थायी लेखा नम्बर दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।

२. गत आ.व. को कर चुक्ता प्रमाणको प्रतिलिपी ।

३. बिगतका बर्षहरुमा बिरुवा आयात गरेको प्रमाण, बिरुवाको श्रोत तथा अनुभव संबन्धी कागजात (भएमा)

४. संस्थाको बिगत तीन बर्ष देखिको Balance Sheet, Income statement, Average annual turnover etc.